नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
(स्थानीय प्रशासन शाखा)

☎ ०९५-५२०१३३/२३३ ☎ ०९५-५२०५३५
dao.baitadi@gmail.com
daobaitadi.moha.gov.np
facebook.com/daobaitadi

गढी, बैतडी

प.सं. ०७७।७८
च.नं. २१६२

मिति २०७८।०१।१९

# जिल्ला प्रशासन कार्यालय बैतडीका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

हाल विश्वभर फैलिरहेको नयाँ भेरिएण्ट सहितको कोरना भाईरस (COVID-19) का कारण छिमेकी मुलुक भारत र नेपालका समेत अधिकांस स्थानमा फैलिरहेको छ । बैतडी जिल्लामा भारतबाट नेपाल प्रवेश गर्ने नाकाहरु मध्ये एक झुलाघाट नाका संगै जोडीएको हुनाले यस जिल्लामा संक्रमणको खतरा एकदमै बढिरहेको परिप्रेक्षमा यसको रोकथाम र नियन्त्रंणका निमित्त संक्रमण रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ ले दिएको अधिकार प्रयोग गरी मिति २०७८ बैशाख २० गते बिहान ८:०० बजे देखि मिति २०७८ जेठ २ गते राति १२:०० बजे सम्म बैतडी जिल्ला भरि लागु हुने गरी देहाय बमोजिमको आदेश जारी गरिएको छ । सदा झै यस आदेशको पालना गर्न गराउन सम्बन्धित सबै सरकारी/गैर सरकारी संघ संस्था, व्यक्ति, पेशाकर्मी, उद्योग व्यवसायी, संचारकर्मी तथा आमसर्वसाधारण नागरिकको कर्तव्य हुने छ । यस आदेशको उलङ्घन भएको पाईएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

## १- सार्वजनिक सेवा प्रवाह सम्बन्धमा

- अत्यावश्यक सेवा बाहेकका अन्य सार्वजनिक सेवा हाललाई बन्द गर्ने ।
- गौरवका विकासका आयोजना तथा अन्य आयोजनाहरुले अतिआवश्यक कार्य गर्दा कामदारहरुको लागि सुरक्षित क्वारेन्टाइनको व्यवस्था गर्ने गरी सम्बन्धित आयोजनाका प्रमुखको सिफारिसमा जिल्ला प्रसाशन कार्यालयको पूर्व स्विकृत लिई जनस्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गरी आयोजना संचालन गर्न सकिने छ ।
- बैंक तथा बित्तिय संस्थाहरुले जनस्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गरी नगद जम्मा गर्ने, रकम झिक्ने र रेमिटन्स कार्य संचालन गर्ने ।

## २- अत्यावश्यक सामग्री सम्बन्धमा

- तरकारी, फलफुल तथा खाद्य सामग्रीका पसल व्यवसाय हरेक दिन बिहान ७:०० बजे देखी १०:०० बजे सम्म जनस्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण रुपमा पालना गर्ने गरी संचालन गर्ने ।
- औषधी तथा स्वास्थ्य सामग्री, दुध डेरी एवं पेट्रोलियम पदार्थ जस्ता अत्यावश्यक पसल/व्यवसाय खुला रहने र अन्य पसल/व्यवसाय पूर्ण रुपले बन्द रहने । मदिरा जन्य पदार्थको खरिद बिक्रि, सेवनमा पूर्णरुपले बन्देज गर्ने ।
- अत्यावश्यक उपभोग्य सामग्रीहरुको कृतिम अभाव देखाइ मुल्यबृद्धि गर्ने, कालो बजारी वा जम्माखोरी गर्ने, लुकाउने वा आपुर्तिमा अवरोध सृजना गर्ने व्यक्तिलाई नियन्त्रणमा लिई कानून बमोजिम कडा कारवाही हुने ।

## ३- सवारी साधन संचालन तथा आवतजावत सम्बन्धमा

- सार्वजनिक एवं निजि सवारी साधनहरु संचालनमा मिति २०७८/०१/२० गते बिहान ८:०० बजे देखी मिति २०७८/०२/०२ गते राति १२:०० बजे सम्म रोक लगाउने ।
- अत्यवश्यक सेवा (खाद्य सामग्री, पानी, औषधी तथा स्वास्थ्य संग सम्बन्धित सामान तथा सेवा, एम्बुलेन्स, दमकल, दुध तथा दुग्धजन्य पदार्थ तथा फोहरमैला व्यवस्थापन, दुरसंचार ईन्टरनेट, आइसोलेशन र क्वारेन्टाइन) का सवारी साधनहरु स्पष्ट खुल्ने कागजातका आधारमा संचालन गर्न सकिने ।
- बिरामी बाहेक बढीमा दुइजना कुरुवा बोकेका एम्बुलेन्स, स्वास्थ्यकर्मी तथा सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधन बाहेक अन्य सवारी साधन संचालन नगर्ने ।

प्रमुख जिल्ला अधिकारी

☎ ०९५-५२०१३३/२३३ ☎ ०९५-५२०५३५
dao.baitadi@gmail.com
daobaitadi.moha.gov.np
facebook.com/daobaitadi

- सरकारी कार्यालय लगायतका सार्वजनिक सेवा प्रदायकको हकमा जिल्ला प्रशासन कार्यालयबाट जारी भएको सवारी अनुमती लिई सवारीसाधन प्रयोग गर्न पाईने ।
- विकास निर्माण आयोजनामा प्रयोग हुने सवारी साधनको हकमा संबन्धित आयोजना वा कार्यालय प्रमुखको सिफारिसमा जिल्ला प्रशासन कार्यालयले जारी गरेको सवारी अनुमती लिई मात्र संचालन गर्ने ।
- हवाई उडान सेवाबाट आवत जावत गर्ने यात्रुहरुले प्रयोग गर्ने सवारी साधनको अनिवार्य रुपमा जिल्ला प्रशासन कार्यालयबाट जारी हुने सवारी अनुमती लिनु पर्ने ।
- कुनै पनि व्यक्तिले अतिआवश्यक काममा बाहेक अन्य अवस्थामा घरबाहिर हिडडुल नगर्ने ।
- आफ्नो धर्म परम्परा र संस्कृति अनुसार अन्तिम संस्कारमा सहभागी हुँदा सम्बन्धित परिवार वा समुदायले न्युनतम व्यक्तिहरु मात्र सरिक हुने गरि जनस्वास्थ्य मापदण्डको पूर्ण पालना गर्ने व्यवस्था गर्नु पर्ने ।
- नेपाल सरकारका कर्मचारी, बैक तथा वित्तिय संस्था र अन्य अत्यावश्यक सेवामा कार्यरत कर्मचारीको हकमा कार्यालयले जारी गरेको परिचयपत्रको आधारमा आवतजावत गर्न दिने ।
- पत्रकार तथा संचारकर्मीको हकमा सूचना संकलन तथा सम्प्रेषण गर्न सूचना विभागले जारी गरेको परिचय पत्र र पत्रकार महासंघको सिफारिसको आधारमा आवतजावत गर्न दिने ।

**४- सभा/सम्मेलन/विबाह -वर्तबन्धका हकमा**

- कुनै पनि किसिमका सभा, सम्मेलन, गोष्ठी, सेमिनार, तालिम, सैलुन जिमखाना, समुहमा खेलिने खेलकुद , पुस्तकालय आदि संचालन गर्न नपाईने ।
- विबाह वर्तबन्धको हकमा जन्स्वास्थ्यका मापदण्डहरु पालना गर्ने गरी स्थानीय प्रहरी संग समन्वय गरी बढिमा १५ जना सम्म सहभागि हुन सक्ने ।

यस आदेशको पालना गर्न गराउन संबन्धित सबैको कर्तव्य हुने छ । आदेशको उल्लंघन गर्ने वा आदेशको पालना गर्ने गराउने कार्यमा अवरोध गर्ने उपर प्रचलित कानून बमोजिम कारवाही हुनें छ ।

मिति : २०७८/०१/१९

राजेन्द्रदेव पाण्डे
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी